# Dibyashwari Hydropower Limited
# दिव्यश्वरी हाईड्रोपावर लिमिटेड
## केन्द्रीय कार्यालय, काठमाण्डौ ३१

प्रथम पटक प्रकाशित मिति : २०७९/०९/०६

यस कम्पनीको मिति २०७९।०९।०५ मा सम्पन्न सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको सातौं, आठौं, नवौं र दशौं बार्षिक साधारण सभा संयुक्त रुपमा निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीकोलागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**

**मिति :** **पौष २७, बुधबार २०७९ (११ जनवरी, २०२३)**
**समय :** **विहान ११:०० बजेदेखि**
**स्थान :** **स्काई दरवार ब्याङ्क्वेट्स प्रा.लि.,**
**बग्गीखाना छेउ, सिंहदरवार, काठमाण्डौ ।**

**छलफलको बिषयहरू :**

**क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.ब. २०७५/०७६, २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ को संयुक्त बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आ.ब. २०७५/०७६, २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ को वासलात तथा नाफा नोक्सान हिसाब, सम्बन्धित अवधीको नगद प्रवाह बिवरण सहितको छुट्टाछुट्टै लेखा परीक्षण प्रतिवेदनहरूउपर छलफल गरी पारित गर्ने ।

३. आ.ब. २०७९/८० को लेखा परीक्षण गर्न लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. विगतमा बार्षिक साधारण सभा नहुँदाको अवस्थामा संचालकको पदावधी सम्बन्धमा संचालक समितिले गरेको निर्णय अनुमोदन गर्ने ।

५. समूह “क” र “ख” बाट प्रतिनिधित्व गर्ने सञ्चालकहरूको मनोनय वा निर्वाचन प्रक्रियाबाट पदपूर्ति गर्ने ।

**ख) विविध ।**

**साधारण सभा सम्बन्धी सामान्य जानकारी :**

(१) यस साधारण सभामा भाग लिने प्रयोजनकोलागि कम्पनीको शेयर दाखिल खारेजको काम २०७९।०९।१४ देखि २०७९।०९।२७ सम्म बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लि.मा २०७९।०९।१३ सम्म कारोबार भई संस्थाको शेयर रजिष्ट्रार श्री एनआईबिएलएस क्यापिटल मार्केट लि., लाजिम्पाट, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरू यो साधारण सभामा भाग लिन तथा मतदान गर्न योग्य हुनेछन् ।

(२) आ.ब. २०७५/०७६, २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ को लेखा परीक्षण प्रतिवेदन तथा संचालकहरूको प्रतिवेदन सहितको बार्षिक साधारण सभाको प्रतिवेदन शेयरधनी महानुभावहरूलाई हुलाक सेवा मार्फत पठाईनेछ । कथम कदाचित सो प्राप्त नभएमा प्रतिवेदनको लागि कम्पनीको केन्द्रिय कार्यालय, काठमाण्डौमा सम्पर्क राख्नुहुन अनुरोधछ ।

(३) सभामा भाग लिन र मतदान गर्नकोलागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले आँफैले भरेर दस्तखत गरेको प्रोक्सी फारम कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौमा साधारण सभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गरिसक्नुपर्नेछ । प्रतिनिधि नियुक्त हुने व्यक्ति पनि यस कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।

(४) प्रतिनिधि नियुक्त गरिसक्नु भएको शेयरधनी आँफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुभएमा प्रोक्सी दिई सकेको भएपनि त्यस्तो प्रोक्सी बदर हुनेछ ।

(५) कुनै संगठित संस्था वा कम्पनीको प्रतिनिधिले निज कम्पनीको शेयरधनी नभएपनि शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछ । यसरी प्रतिनिधि पठाउँदा सभा हुनु भन्दा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालयलाई लिखित जानकारी गराउनु पर्नेछ ।

(६) समूह “क” अन्तर्गत संस्थापक समूहबाट ४ जना र समूह “ख” अन्तर्गत सर्वसाधारण समूहबाट २ जनाले सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने भएकोले सम्बन्धित सञ्चालकहरूको सम्बन्धित समूहमध्येबाट मिति २०७९।०९।२४ देखि ९।२७ गतेसम्म हुने निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम यस कार्यालयको सूचना पाटीमा टांस गरिनेछ ।

(७) नावालक शेयरधनीको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र आफ्नो समूहमा मतदान गर्न सक्नेछन । शेयरवालाको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ । संयुक्त शेयर धारण गरेको भएमा दर्ता किताबमा उल्लेखित क्रमअनुरुप हुनेछ ।

(८) सभामा भाग लिने प्रत्येक शेयरधनी/प्रतिनिधिले सभा हुने स्थानमा शेयर प्रमाणपत्र वा शेयरधनी नं. र परिचय खुल्ने कागजात सहित उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका सभा हुने दिन विहान ११:०० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।

(९) अन्य थप जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय, पुरानो बानेश्वर, काठमाण्डौमा वा फोन नं. ९८४९३६३१९९ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**